# नेपालको उच्च शिक्षाका सम्बन्धमा प्रमुख राजनीतिक दलहरुको दृष्टिकोण
# Perspectives of the Major Political Parties on Higher Education of Nepal

श्यामप्रसाद फुयल[१]

[१]**सहप्राध्यापक**
त्रिभुवन विश्वविद्यालय
शिक्षाशास्त्र केन्द्रीय विभाग
कीर्तिपुर, नेपाल ।

**Email:** shyam.phuyal@cded.tu.edu.np

प्रकाशन : **२०७९,** मङ्सिर
Published: 2022 December
Doi: https://doi.org/10.3126/bns.v26i1.61405

This is an open access article distributed under the terms and conditions of the Creative Commons Attribution (CC BY NC)
*https://creativecommons.org/licenses/by/4.0*

© 2022 by the author

**Journal**
**विकासको निम्ति शिक्षा**
**Bikashko Nimti Shiksha**
**ISSN:** 2616-0188 (Print)
3021-954X (Online)

**website:**
https://www.nepjol.info/index.php/bns

**Published By**
Research Centre for Educational Innovation and Development (CERID)
http://www.cerid.tu.edu.np

## लेखसार

नेपालको राजनीतिक परिवर्तन र नीतिनिर्माणका तहमा प्रत्यक्ष प्रभाव पार्ने प्रमुख राजनीतिक दलहरू नेपाली काङ्ग्रेस, नेकपा (एमाले), नेकपा (माओवादी केन्द्र) ले वि.सं. २०७९ साल मङ्सिर ४ गते सम्पन्न भएको प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचन प्रयोजनका लागि जारी गरेको घोषणापत्रमा केन्द्रित रही नेपालको उच्च शिक्षासम्बन्धी दृष्टिकोणको अध्ययन विश्लेषण गर्नु यो लेखको उद्देश्य रहेको छ। प्रस्तुत अध्ययनले प्रमुख तीन दलहरूको धारणा र त्यसको कार्यान्वयनको अवस्थालाई उजागर गर्ने प्रयत्न गरेको छ। प्रमुख तीन राजनीतिक दलको पृष्ठभूमि र उनीहरूले २०७९ सालको संसदीय निर्वाचनपूर्व जारी गरेको घोषणापत्रलाई द्वितीयक स्रोतसामग्रीको रूपमा मूल आधार मानेर अध्ययन विश्लेषण गरिएको हुनाले यो लेख तथ्याङ्क सङ्कलनका हिसाबले पुस्तकालयीय, गुणात्मक र तथ्याङ्क विश्लेषणका हिसाबले विश्लेषणात्मक अध्ययन विधिमा आधारित छ। यस लेखले तिनको तुलनात्मक विश्लेषणसमेत गरेको छ। अध्ययनको नतिजास्वरूप उल्लिखित दलहरूको उच्च शिक्षासम्बन्धी दृष्टिकोणमा केही समानता र केही भिन्नता पाइयो। यस अध्ययनबाट उच्च शिक्षाका समस्या र तिनको समाधानका लागि दलहरूले व्यक्त गरेका विचारको आधारमा भावी नीति तय गर्न नीतिगत तहमा समेत मद्दत पुग्ने अपेक्षा गर्न सकिन्छ।

***शब्दकुञ्जी*** : उच्च शिक्षा, घोषणापत्र, दृष्टिकोण परिवर्तन, राजनीतिक दल

## Abstract

The objective of this article is to carry out a study and analyze the perspectives of the major three political parties on the higher education of Nepal –

**How to cite this article (APA)**

English: Phuyal, S. P. (2022). Perspectives of the major political parties on higher dducation of Nepal. *Bikashko Nimti, Shiksha. 26*(1), 13-26. https://doi.org/10.3126/bns.v26i1.61405

नेपाली : फुयल श्यामप्रसाद (२०७९), नेपालको उच्च शिक्षाका सम्बन्धमा प्रमुख राजनीतिक दलहरूको दृष्टिकोण, *विकासको निम्ति शिक्षा,* २६(१), १३-२६ । https://doi.org/10.3126/bns.v26i1.61405

political transformation and policy development in Nepal. This analysis is centered around the declaration of the elections of the House of Representatives and the Provincial Parliaments held on Mangsir 4, 2079 B.S. This article attempts to explore the major political paties' perspectives and the state of the implementation of the perspectives. The study has made an effort to illuminate the perspectives of the three major political parties and the state of their implementation. Analyzing the background of the three major political parties and their manifestos publicized before the parliamentary elections of 2079 B.S., this article mainly builds on the secondary source as the pricipal basis of the study. Because this study utilizes library resources, qualitative and statistical analysis, it is based on the analytical study method. As a result of the study, some similarities and differences regarding higher education were found in the perspectives of the above-stated political parties. This article also carries out a comparative analysis of those perspectives. As the study reveals, it can be expected that, on the basis of the thoughts articulated by the parties concerning the problems in higher education and their solutions, support might be obtained at the policy level to formulate future policies addressing the problems related to higher education and their solutions.

***Keywords:*** higher education, manifesto, change in the perspective, political party

## परिचय

मानिसको चेतनालाई उन्नत, परिमार्जित र विकसित गर्नमा शिक्षाको भूमिका महत्त्वपूर्ण रहन्छ । प्राचीन कालमा मनशुद्धि र चित्तशुद्धिका लागि ज्ञानार्जन गर्नु, आत्मोन्नति गर्नु, मोक्ष प्राप्त गर्नु, नैतिकता र चरित्र सुधार गर्नु लगायतका कार्यलाई शिक्षाको रूपमा लिइन्थ्यो (बस्न्यात र श्रेष्ठ, २०६९) । आधुनिक समयमा मानव जीवनको व्यवहार परिवर्तन प्रक्रियाको रूपमा शिक्षालाई लिइन्छ । आजसम्म आइपुग्दा शिक्षालाई विभिन्न समयमा परिस्थिति अनुसार अलग अलग ढङ्गले बुझे पनि मानिसले शिक्षालाई निरन्तर रूपमा महत्त्व दिँदै आएकाले यसलाई अलग्गै स्वतन्त्र विधाको रूपमा हेर्न थालिएको छ ।

नेपालमा उच्च शिक्षाको स्थापना चन्द्रशमशेर राणाले १९७५ भाद्र ५ त्रिभुवनचन्द्र कलेजको नामबाट (हालको त्रिचन्द्र कलेज) गरेका थिए । उच्च शिक्षा प्रदान गर्न खोलिएको यस कलेजको उद्घाटन राजा त्रिभुवनले गरेका थिए । उद्घाटन समारोहमा प्रधानमन्त्रीको हैसियतले चन्द्रशमशेर राणाले विश्व वातावरणबाट प्रभावित बनी कलेजको स्थापना एक बाध्यतावश कदम हो भनी आफ्नो विचार व्यक्त गरेका थिए । यस कदमले राणाहरूको भलो नहुने बरु यस कदमबाट आफ्नो खुट्टामा आफैंबाट बञ्चरो प्रहार भएको कुरा समेत उनले व्यक्त गरेका थिए (शर्मा, २०६१) । यसरी क्याम्पसको स्थापनाले जनता शिक्षित बनी राणा शासनको अवस्था थाहा पाउने र राणाशासन विरुद्धको जनमत बलियो हुने चिन्ताले चन्द्रशमशेरलाई सताएको देखिन्छ । यस भनाइले राणाहरू नेपालमा शिक्षाप्रति कति उदासीन थिए भन्ने कुराको जानकारी प्राप्त हुन्छ ।

राणाशासनको अन्त्यपछि शिक्षा क्षेत्रमा एक खालको माहोल देखा पर्‍यो । विद्यालय तहका शिक्षण संस्थाहरू धेरै सङ्ख्यामा खुले । खुलेका विद्यालयको व्यवस्थापन र शिक्षाको भावी

नीतिनिर्माणका लागि २००९ सालमा रुद्रराज पाण्डे अध्यक्ष र लक्ष्मीप्रसाद देवकोटा उपाध्यक्ष रहेको एउटा शिक्षा बोर्डको गठन गरियो । यही बोर्डको सिफारिसमा २०१० सालमा रुद्रराज पाण्डेकै अध्यक्षतामा राष्ट्रिय शिक्षा योजना आयोगको गठन भयो (अधिकारी, २०६७) । यस आयोगले आफ्नो प्रतिवेदनमा उच्च शिक्षाको विस्तारलाई व्यापक नगरी हाइस्कुल पूरा गर्नेमध्ये पाँच प्रतिशतलाई मात्र उच्च शिक्षाको अवसर प्रदान गर्नुपर्ने उल्लेख गरेको थियो । आयोगले एउटा विश्वविद्यालयको मान्यतालाई अघि सारेकाले २०१६ असार ११ गते त्रिभुवन विश्वविद्यालयको स्थापना गरियो र यही सालको असार ३० गतेबाट पठनपाठन सुरु भएको थियो ।

राजा महेन्द्रले २०१७ साल पुष १ गतेको संवैधानिक 'कु' पछि राजनीतिक दलहरू खुला रूपमा राजनीतिक गतिविधिमा सहभागी बन्ने अवस्था रहेन (शिवाकोटी, २०७२) । तत्कालीन शिक्षामन्त्री विश्वबन्धु थापाको अध्यक्षतामा वि.सं. २०१८ मा सर्वाङ्गीण राष्ट्रिय शिक्षा समिति गठन गरिएको थियो । यस समितिको प्रतिवेदनले उच्च शिक्षालाई सङ्गठित र व्यवस्थित गर्ने सुझाव दिएको थियो । स्नातक तीन बर्से र कलेज अफ एजुकेसनलाई त्रिभुवन विश्वविद्यालय अन्तर्गत कायम गर्नुपर्ने र शिक्षाशास्त्र सङ्कायमा एमएड तहको कक्षा खोलिनुपर्ने, विश्वविद्यालयमा व्यायामशाला लगायतका व्यवस्था हुनुपर्ने सुझाव प्रस्तुत गरेको थियो । राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८ ले "उच्च शिक्षाको सम्बन्धमा सम्पूर्ण देशको विकासका लागि आवश्यक जनशक्तिको अनुमान गरी उच्च शिक्षामा जोड दिइने छ, त्रिभुवन विश्वविद्यालय एउटा स्वशासित संस्था हुने छ, शिक्षा मन्त्रालयले जनशक्तिको आवश्यकता अनुमान गर्ने छ र सो बमोजिम जनशक्ति तयार गर्ने जिम्मा त्रिभुवन विश्वविद्यालयलाई दिइने" उल्लेख गरिएको छ । राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन, २०४९ ले उच्च शिक्षाको सम्बन्धमा खुला विश्वविद्यालयको अवधारणा र स्थापनाका लागि सिफारिस, बहुविश्वविद्यालय स्थापनाको बाटो तय, विश्वविद्यालय अनुदान आयोगको स्थापनामा जोड दिएको थियो । आयोगको सिफारिसले विश्वविद्यालयलाई निश्चित मान्यताका साथ अघि बढाउन स्पष्ट खाका प्रदान गरेको थियो ।

राजनीतिक दलले निर्वाचनअघि जनताप्रति निश्चित प्रतिबद्धता जनाउने गर्दछन् । दलले जारी गर्ने प्रतिबद्धता पत्रमा मूलतः मुलुकको आर्थिक, सामाजिक, जनजीविका, पर्यटन र संस्कृति, सुशासन, शैक्षिक लगायत मुद्दामा आआफ्ना धारणा सार्वजनिक गर्ने गर्दछन् । पञ्चायती व्यवस्था विरुद्ध २०४६ सालको जनआन्दोलनपछि सम्पन्न २०४८ सालको आम निर्वाचनमा नेपालका राजनीतिक दलहरूले आआफ्नो घोषणापत्रमा नेपालको उच्च शिक्षाको बारेमा दृष्टिकोण राख्दै आएको पाइन्छ ।

प्रमुख राजनैतिक दलहरूको उच्च शिक्षाप्रतिको दृष्टिकोणलाई सत्यतथ्यको कसीमा राखेर हेर्ने काम गरिएको छ । नेपालको संविधानले शिक्षा, स्वास्थ्य जस्ता विषयलाई आधारभूत विषयको रूपमा उल्लेख गरेको छ तर नेपालमा कुल बजेटको न्यून रकममात्र शिक्षामा लगानी भएको अवस्थामा दलको धारणालाई विश्लेषण गर्नु समेत यो लेखको औचित्य हो । परिवर्तन र लोकतन्त्रको वाहकको रूपमा आफूलाई प्रस्तुत गर्ने राजनीतिक दलले नेपालको शिक्षा नीति त्यसमा पनि उच्च शिक्षाको बारेमा केकस्तो दृष्टिकोण राखेका रहेछन् ? उच्च शिक्षाको वर्तमान अवस्था, समस्या र समाधानका लागि भावी नीति केकस्ता छन् ? जस्ता प्रश्नमा केन्द्रित रही नेपालका प्रमुख तीनवटा राजनीतिक दलले २०७९ साल मङ्सिर ४ गते सम्पन्न भएको प्रदेश र सङ्घको निर्वाचनका लागि व्यक्त गरेको प्रतिबद्धतापत्रलाई तुलनात्मक अध्ययन गर्ने हेतुले यो आलेख तयार गरिएको हो ।

यस लेखमा नेपालका प्रमुख राजनीतिक दल नेपाली काङ्ग्रेस, नेपाल कम्युनिष्ट पार्टी (एमाले) र नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) ले २०७९ मङ्सिर ४ गते भएको प्रतिनिधि सभा प्रदेश सभा निर्वाचन प्रयोजनका लागि जारी प्रतिबद्धतापत्रमा नेपालको उच्च शिक्षाको बारेमा उनीहरूको दृष्टिकोणको विश्लेषण गरिएको छ। निर्वाचनको दौरानमा प्रमुख राजनीतिक दलहरूले जारी गरेका घोषणापत्र मार्फत नेपालको उच्च शिक्षासम्बन्धी तिनको धारणाको तुलनात्मक अध्ययन र विश्लेषण गर्ने उद्देश्यमा आधारित छ। उच्च शिक्षाको अहिलेको अवस्थालाई सुधार गर्न प्रतिबद्धतापत्रले केकति सम्बोधन गर्न खोजेको छ भन्ने कुराको तुलनात्मक अध्ययन विश्लेषण यहाँ गरिएको छ। सम्बन्धित राजनीतिक दल, नीतिनिर्माता, शिक्षक, विद्यार्थी, तथा शिक्षण संस्था लगायतलाई सो विश्लेषण सहायक हुने अपेक्षा गरिएको छ। यस लेखले दलहरूको बोलाइ र गराइबिचको तुलनात्मक अवस्था जाहेर गर्न समेत मद्दत मिल्ने अपेक्षा समेत गरिएको छ।

## अध्ययन विधि

यो लेख तथ्याङ्क सङ्कलनका लागि पुस्तकालयीय स्रोत सामग्री उपयोग गरी गुणात्मक अध्ययन विधिमा आधारित रहेर अगाडि बढाइएको छ। यस अध्ययनलाई आवश्यक पर्ने सूचना प्रमुख राजनीतिक दलले चुनावताका जारी गरेको प्रतिबद्धतापत्रलाई द्वितीयक स्रोतको रूपमा प्रयोग गरिएको छ। अन्य सूचनाको स्रोतको रूपमा वर्तमान नेपालको संविधान तथा उच्च शिक्षासँग सम्बन्धित विभिन्न दस्तावेजहरूको आवश्यकता अनुसार उपयोग गरिएको छ। यस लेखमा शिक्षासँग सम्बन्धित विभिन्न पुस्तकहरू, अनुसन्धानात्मक प्रतिवेदनहरू, पत्रपत्रिका, लेखरचना, राजनीतिक दलका सम्बद्ध ऐतिहासिक दस्तावेज, यी दलले २०७९ को आम निर्वाचनमा नेपालको उच्च शिक्षा सम्बन्धमा राखेको दृष्टिकोण लगायतको विश्लेषण, विवरणात्मक, व्याख्यात्मक एवम् तुलनात्मक ढङ्गले प्रस्तुत गर्दै निष्कर्ष निकालिएको छ।

## नतिजा र छलफल

नेपाली राजनीतिमा २०४६ सालमा पञ्चायती व्यवस्थाको अन्त्य भएपछि राजनैतिक दलहरूको भूमिका अहम् हुन पुगेको पाइन्छ। राज्यका प्रमुख दलहरूले लिने वा अवलम्बन गर्ने विभिन्न विषय र क्षेत्रसँग सम्बन्धित नीति र दृष्टिकोणले महत्त्वपूर्ण प्रभाव पार्ने गर्दछ। वि.सं. २०७९ सालको आमनिर्वाचनमा सहभागी अन्य राजनीतिक दलहरू हुँदाहुँदै नेपालको परिवर्तनमा योगदान पुऱ्याएका र जनमतको आधारमा प्रथम, द्वितीय र तृतीय स्थान हासिल गरेका प्रमुख तीन दललाई मात्र अध्ययनको परिसीमाको रूपमा लिएको छ। त्यस्तै यस लेखमा तीन प्रमुख राजनीतिक दलहरूले आफ्नो घोषणापत्र मार्फत सार्वजनिक गरेको प्रतिबद्धतालाई नै उनीहरूको दृष्टिकोणको रूपमा लिएको छ। लेखमा मूलतः तीन राजनीतिक दल नेपाली काङ्ग्रेस , नेकपा (एमाले) र नेकपा ( माओवादी केन्द्र) ले २०७९ सालमा निर्वाचन प्रयोजनका खातिर सार्वजनिक गरेको प्रतिबद्धतापत्रमा नेपालको उच्च शिक्षा सम्बन्धी दृष्टिकोणको सर्वप्रथम अलग अलग विश्लेषण गरी त्यसपछि तुलनात्मक विश्लेषण गरिएको छ।

## उच्च शिक्षाप्रति राजनैतिक दलहरूको दृष्टिकोण

### नेपाली काङ्ग्रेस

नेपाली काङ्ग्रेस पुरानो लोकतान्त्रिक राजनीतिक दल हो । यसले २००७ सालको राजनीतिक क्रान्ति र त्यसपछिका विभिन्न शान्तिपूर्ण आन्दोलनहरूको नेतृत्व गर्दै आएको छ । नेपालमा प्रजातन्त्र स्थापना र लोकतन्त्रको सुदृढीकरणका लागि यसको योगदानलाई महत्त्वपूर्ण मानिन्छ (पोखरेल, २०७३) । विश्वेश्वरप्रसाद कोइरालाद्वारा प्रतिपादित लोकतान्त्रिक समाजवादको लक्ष्यलाई नेपाली काङ्ग्रेसले आफ्नो आदर्श सिद्धान्त मान्दछ। नेपाली काङ्ग्रेसले आफ्नो विगतको मान्यता र पहिचानबाट संवैधानिक राजतन्त्रलाई छोडी लोकतान्त्रिक गणतन्त्रलाई आत्मसात् गर्न पुगेको छ (फूएल, २०७५क) । वि.सं. २००७ सालको परिवर्तनपछि लामो समय पटक पटक सरकारको नेतृत्व गरेको नेपाली काङ्ग्रेसले लिने नीति र राख्ने दृष्टिकोणले दीर्घकालीन प्रभाव पार्ने गर्दछ ।

आर्थिक तथा सामाजिक रूपान्तरणका लागि गुणस्तरीय शिक्षामा जोड दिएको नेपाली काङ्ग्रेसले २४ बुँदामा आफ्नो सङ्कल्प प्रस्तुत गरेको छ, जसमा अधिकांश बुँदा उच्च शिक्षासँग सम्बन्धित छन् । नेपाली काङ्ग्रेसले प्रतिनिधि सभा र प्रदेश सभा निर्वाचन २०७९ का लागि नेपाली काङ्ग्रेसको सङ्कल्प नामक प्रतिबद्धता पत्र सार्वजनिक गरेको छ । आफ्नो सङ्कल्पलाई पार्टीले पाँच खण्ड र विभिन्न उपखण्डहरूमा विभक्त गरेको छ । खण्ड पाँचमा क्षेत्रगत प्राथमिकता उल्लेख गर्दै ५.१ मा शिक्षा सम्बन्धी आफ्नो दृष्टिकोण सार्वजनिक गरेको छ । नेपाली काङ्ग्रेसले समग्र शिक्षा प्रणालीलाई आर्थिक, सामाजिक रूपान्तरणको आधारको रूपमा चर्चा गर्दै नागरिकको सबलता र स्वाभिमानको अभिवृद्धिका लागि शिक्षानीतिलाई केन्द्रीकृत गर्ने उल्लेख छ। प्राविधिक शिक्षा, गुणस्तरीय शिक्षा सुनिश्चितताको मान्यतालाई अघि सार्दै प्राविधिक शिक्षाको विस्तार, सूचना प्रविधिको विकास र पहुँचमा सहजता र २१ औँ शताब्दीको प्रविधिमैत्री सिकाइ पद्धतिमा जोड दिएको देखिन्छ । सिकाइ सङ्कटको मूल्याङ्कनमा संस्थागत क्षमता अभिवृद्धि र व्यवस्थापनमा जोड दिएको छ ।

ज्ञानमूलक अर्थव्यवस्थामा आधारित विश्व प्रतिस्पर्धी नागरिक उत्पादन गर्ने, शैक्षिक क्षेत्रलाई राजनीतिक हस्तक्षेपबाट मुक्त गर्ने र सङ्घीय शिक्षा ऐनमा उचित व्यवस्था गरिने प्रतिबद्धता जनाइएको छ । विद्यालय र उच्च तहका शैक्षिक संस्थाको नक्साङ्कन गरी आवश्यकता अनुसार थप, स्थानान्तरण र एकआपसमा समाहित गर्दै दक्ष शिक्षक र कर्मचारीको प्रबन्ध गर्ने उल्लेख गरिएको छ। त्यस्तै उच्च शिक्षा अध्ययन गर्नका लागि सहुलियत शैक्षिक ऋण उपलब्ध गराइने, विश्वविद्यालयका प्रतिभाशाली स्नातकहरूलाई विद्यालय शिक्षकमा आकर्षित गर्न विशेष प्याकेजको व्यवस्था गर्ने, सातवटै प्रदेशमा चिकित्साशास्त्र सङ्कायका विभिन्न विषयको पढाइका लागि शिक्षण अस्पतालको स्थापना गर्ने, चिकित्सा शिक्षा आयोगलाई प्रभावकारी र व्यवस्थित बनाइने, सामुदायिक क्याम्पसलाई थप व्यवस्थित गर्नका लागि आवश्यक नीति ल्याउने उल्लेख गरिएको छ। नेपाली काङ्ग्रेसले नेपालका विभिन्न विश्वविद्यालयहरूमा कम्तीमा १० प्रतिशत विदेशी विद्यार्थीहरू भर्नाका लागि पहल गर्ने, विदेशी विश्वविद्यालयसँग डायस्पोराको समेत मद्दतमा प्राज्ञिक आदानप्रदान गर्न विश्वविद्यालयहरूलाई अन्तर्राष्ट्रिय सञ्जालमा जोड्ने, पूर्वीय दर्शनमा जोड दिँदै संस्कृत विश्वविद्यालय, पूर्वीय दर्शनको अध्ययन, अनुसन्धान तथा अन्वेषणमा जोड दिने उल्लेख गरेको छ । विश्वविद्यालय अनुदान आयोगलाई शैक्षिक तथा प्राज्ञिक उनन्यनका लागि स्रोत साधनले सम्पन्न बनाउँदै थप जिम्मेवार र जवाफदेही बनाउने विचार राखिएको छ। सङ्घीयता अनुरूपको शिक्षा

नीति तर्जुमा गरी कार्यान्वयनमा ल्याइने तथा सङ्घीय शिक्षा ऐन एक वर्षभित्रमा निर्माण गर्ने, वर्तमान मौजुदा पाठ्यक्रममा ४० प्रतिशत प्राविधिक र व्यावसायिक सिपलाई समावेश गर्दै बदलिँदो विश्व परिवेशमा आधुनिक प्रविधि (बिग डाटा, मेसिन लर्निङ तथा आर्टिफिसियल इन्टेलिजेन्स) जस्ता विषयमा आवश्यकताअनुसार प्रशिक्षण उपलब्ध गराउने उल्लेख छ। वर्तमान समयमा विश्वविद्यालयहरूमा प्रधानमन्त्री कुलपति र शिक्षामन्त्री सहकुलपति रहने प्रावधानलाई हटाउन कानुनी प्रबन्ध गर्ने र विश्वविद्यालयहरूलाई थप स्वायत्त प्राज्ञिक संस्थाको रूपमा विकसित गरिने सङ्कल्प पनि व्यक्त गरिएको छ।

यसरी नेपाली काङ्ग्रेसको सङ्कल्प २०७९ ले नेपालको उच्च शिक्षालाई प्रविधिमैत्री बनाउने, राजनीतिक हस्तक्षेपबाट अलग्ग गर्ने, विश्वविद्यालयहरूलाई अन्तर्राष्ट्रिय सञ्जालमा जोड्ने, विद्यमान ऐन कानुनमा परिमार्जन गर्दै कुलपति र सहकुलपतिमा प्रधानमन्त्री र शिक्षा मन्त्रीको सट्टामा अन्य व्यवस्था गर्ने, सामुदायिक क्याम्पसको व्यवस्थापन, विद्यार्थीलाई शैक्षिक ऋण, पूर्वीय दर्शनको अध्ययन अनुसन्धान गर्नेजस्ता विषयमा विशेष जोड दिएको पाइन्छ।

## नेपाल कम्युनिष्ट पार्टी (एमाले)

नेपाल कम्युनिष्ट पार्टीको स्थापना पुष्पलाल श्रेष्ठको नेतृत्वमा गठन भएको थियो (फूएल, २०७५ ख)। सामन्तवादको समाप्ति, लोकतन्त्र र नागरिक अधिकारको स्थापना, राष्ट्रिय स्वाधीनता र स्वाभिमानको रक्षाखातिर सामाजिक न्याय, समानता एवम् समाजवाद स्थापनाको ऐतिहासिक अभिभारा उठाउने ध्येयका साथ नेपाल कम्युनिष्ट पार्टीको स्थापना २००६ सालमा भएको देखिन्छ। समयक्रममा सैद्धान्तिक मतभेदलाई आधार मान्दै नेपाल कम्युनिष्ट पार्टीका विभिन्न भङ्गालाहरू देखिए। झापामा सामन्तहरूको चरम शोषण र उत्पीडनबाट मुक्ति पाउन किसानहरू छटपटाइरहेको समयमा आखिल नेपाल क्रान्तिकारी कोअर्डिनेसन कमिटी (माले) को झापा जिल्ला कमिटी गठन भयो। चन्द्रप्रकाश मैनाली यसका संस्थापक महासचिव भए (फूएल, २०७५ क)। मनमोहन अधिकारीले नेतृत्व गरेको नेकपा (मार्क्सवादी) २०४७ सालमा नेकपा (माले) मा एकाकार भएपछि नेकपा (एमाले) भएको हो। नेपालका विभिन्न राजनीतिक आन्दोलनमा महत्त्वपूर्ण योगदान पुऱ्याउँदै आएको यस पार्टीले लिने नीति र दृष्टिकोणले महत्त्वपूर्ण प्रभाव पार्ने गर्दछ। प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचन २०७९ को सन्दर्भमा जारी गरिएको एमालेको घोषणापत्रमा शिक्षाको उद्देश्यलाई ज्ञान प्राप्तिमात्र होइन यसले व्यक्तिमा सिर्जनात्मकता र आलोचनात्मक चेतले युक्त बनाई असीमित सम्भावनालाई उजागर गर्नुपर्ने धारणा व्यक्त गरिएको छ। त्यस्तै शिक्षाले व्यक्तिको जीवनलाई सहज र सरल बनाउन मद्दत पुऱ्याउनुपर्दछ भन्दै राष्ट्रनिर्माणको आधार गुणस्तरीय शिक्षा र शैक्षिक पूर्वाधारमा जोड दिनुपर्ने, उच्च शिक्षालाई ज्ञान, सिप र विशिष्टीकरणले युक्त बनाई अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धी बनाउने, ज्ञानमा आधारित आर्थिक, सामाजिक विकासका लागि विशिष्ट जनशक्ति निर्माणमा ध्यान केन्द्रित गर्नुपर्ने कुरामा जोड दिइएको छ। प्राविधिक तथा व्यावसायिक महाविद्यालय र बहुप्राविधिक शिक्षालयहरूको स्थापनामा जोड दिँदै यसले विज्ञान र प्रविधिको क्षेत्रमा अन्तर्राष्ट्रिय स्तरको अध्ययन, अध्यापन र अनुसन्धानमा मनग्गे लगानी गर्ने विषय घोषणापत्रमा उल्लेख छ। शैक्षिक संरचनाहरू अपाङ्गमैत्री बनाउने, शिक्षा क्षेत्रमा अन्तर्राष्ट्रिय स्तरका पूर्वाधार निर्माण गर्ने, नेपाललाई अध्ययन, अध्यापन र उपचारका लागि विदेशीहरूको आकर्षक गन्तव्यको रूपमा विकास गर्ने घोषणापत्रमा प्रतिबद्धता जनाइएको छ। खेलकुद, संस्कृति र कलाको क्षेत्रका विशिष्टीकृत शिक्षाबाट विश्व स्तरको

जनशक्ति निर्माण गर्ने अठोट पनि व्यक्त गरिएको छ। शिक्षाको गुणस्तर सुधारका लागि विगतको अध्ययन अध्यापन ढाँचामा आमूल परिवर्तन ल्याई अनुसन्धान र ज्ञानको खोजीमा विद्यार्थीलाई अभिप्रेरित गर्ने धारणा पनि औँल्याइएको छ। योग्य शिक्षकको व्यवस्था गर्दै शिक्षण पेसालाई मर्यादित बनाउँदै सम्मानपूर्वक जीवन यापनका लागि आकर्षक तलब सुविधाका लागि बन्दोबस्त गरिने उल्लेख छ। उच्च शिक्षामा देखापरेको अव्यवस्थाको दीर्घकालीन समाधान खोजिने साथै यस तहको शिक्षालाई मर्यादित र अनुसन्धानमूलक बनाउँदै विशिष्टीकरण गर्ने प्रयोजनका लागि विश्वविद्यालयहरूलाई सेन्टर अफ एक्सलेन्सका रूपमा विकास गर्ने प्रतिबद्धता सहित उच्च शिक्षालाई राजनीतिक हस्तक्षेपबाट अलग राख्ने प्रतिबद्धता व्यक्त गरिएको छ। सङ्घीय शिक्षा ऐनको आवश्यकतालाई चाँडै पुरा गर्ने अठोट गरिएको छ।

यसरी नेकपा (एमाले) को घोषणापत्रमा उच्च शिक्षाको भौतिक संरचना, अस्तव्यस्त अवस्थालाई न्यूनीकरण गर्दै विद्यार्थीमैत्री शैक्षिक वातावरण निर्माणमा जोड दिएको देखिन्छ। विषयगत जनशक्तिको आँकलनका आधारमा शिक्षालय र शैक्षिक कार्यक्रमहरू सञ्चालन गरिने लगायतका दृष्टिकोणहरू सार्वजनिक गरिएको छ।

### नेकपा (माओवादी केन्द्र)

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) ले मार्क्सवाद, लेनिनवाद र माओवादलाई आफ्नो मार्गदर्शक सिद्धान्त मान्दछ। २०५२ साल फाल्गुण १ गतेबाट सशस्त्र जनयुद्धमा होमिएको यस पार्टीले २०६२/०६३ को आन्दोलनमा समेत अप्रत्यक्ष रूपमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्‍यो। संविधानसभाको पहिलो निर्वाचन (२०६४) मा पहिलो शक्ति बनेको यो पार्टी त्यसपछिको निर्वाचन परिणामको आधारमा तेस्रो शक्तिको रूपमा रहेको छ। नेपालमा राजनीतिक लगायत परिवर्तनका लागि महत्त्वपूर्ण योगदान पुर्‍याएको यस पार्टीले लिने नीति, जनाएको प्रतिबद्धता मुलुकको भावी दिशाका लागि महत्त्वपूर्ण सहयोग पुग्ने अपेक्षा गर्न सकिन्छ। प्रतिनिधि सभा र प्रदेश सभा निर्वाचन २०७९ का लागि आफ्नो प्रतिबद्धतापत्र सार्वजनिक गरेको छ। पार्टीको कार्य दिशामा नेपालको उच्च शिक्षाको बारेमा गरएिको चर्चामा मुलुकको समृद्धिको प्रमुख आधारको रूपमा शिक्षा प्रणालीलाई मानिएको छ। शिक्षा नागरिकको अधिकार भएको हुनाले यसको गुणस्तरीयतामा जोड दिने प्रतिबद्धता जनाइएको छ। शिक्षा प्रणालीमा देखिएका कमीकमजोरीको खोजी गर्ने, शिक्षामा देखापरेको विभेद अन्त्यका उपायहरूको खोजी गरी शिक्षालाई गुणस्तरीय, जीवनोपयोगी, रोजगारमूलक र सर्वसुलभ बनाउन हरसम्भव उपायहरू प्रयोग गर्ने प्रतिबद्धता जनाइएको छ। यसका लागि सरकार बनेको छ महिनाभित्रमा सङ्घीय ऐन ल्याइने र प्रदेश र स्थानीय तहको शिक्षा ऐन निर्माणमा सहजीकरणका लागि आवश्यक पहल गर्ने, उच्च शिक्षाको पाठ्यक्रमलाई पुनरावलोकन गर्दै यसलाई जीवनोपयोगी, आधुनिक, व्यावसायिक तथा विज्ञान, प्रविधिमैत्री बनाउन आवश्यक पहल गर्ने तथा नेपालका विगतका क्रान्ति तथा आन्दोलनले पुर्‍याएका योगदानका विषयवस्तु पाठ्यक्रममा समावेश गरी समकालीन र भावी पुस्तालाई गौरवमय इतिहासप्रति गर्व गर्न अभिप्रेरित गर्ने हौसला प्रदान गर्ने उल्लेख गरेको छ। उच्च शैक्षिक संस्थाहरूलाई अनुसन्धान एवम् व्यावहारिक अभ्यासमा लगाउने प्राविधिक र वैज्ञानिक जनशक्ति उत्पादन गर्ने, शैक्षिक क्षेत्रका विकृति, विसङ्गति र भ्रष्टाचारलाई निर्मूल पार्ने, विश्वविद्यालयका पदाधिकारी तथा अन्य नियुक्तिमा योग्यता र क्षमतालाई आधार बनाउने अनि लामो समयदेखि आंशिक प्राध्यापकको रूपमा कार्यरत प्राध्यापकलाई करार हुँदै

स्थायीका लागि आवश्यक व्यवस्था गरिने कुरा उल्लेख गरिएको छ। शैक्षिक क्षेत्रमा हुने बन्द हड्तालाई निरुत्साहित गरिने साथै राज्यको लगानीलाई क्रमशः बढाउँदै पाँच वर्षमा बजेटको २० प्रतिशत रकम शिक्षा क्षेत्रमा छुट्याउने प्रतिबद्धता जाहेर गरिएको छ।

## प्रमख तीन राजनीतिक दलको उच्च शिक्षाप्रतिको दृष्टिकाणको तुलना

नेपालका राजनीतिक दलहरू विभिन्न राजनीतिक घटनावलीहरूबाट पाठ सिक्दै अहिलेको लोकतान्त्रिक गणतन्त्रात्मक शासनपद्धतिमा आइपुगेका हुन्। नेपालको राजनीतिक परिवर्तनमा महत्त्वपूर्ण योगदान पुऱ्याएका प्रमुख दलले लिने नीति जारी गरिएका प्रतिबद्धतापत्र लगायतले दूरगामी प्रभाव र महत्त्व राख्ने गर्दछ। २०७९ सालमा सम्पन्न भएको आम निर्वाचनमा प्रमुख दलले जारी गरेको प्रतिबद्धतापत्रमा नेपालको उच्च शिक्षा सम्बन्धी दलगत अवधारणालाई तालिका नं १ मा यसप्रकार प्रस्तुत गरिएको छ :

### तालिका नं. १

राजनीतिक दलको उच्च शिक्षाप्रतिको दृष्टिकोणको तुलनात्मक अध्ययन

| नेपाली काङ्ग्रेस | नेकपा (एमाले) | नेकपा (माओवादी केन्द्र) |
|---|---|---|
| • शैक्षिक क्षेत्र राजनीतिक हस्तक्षेपबाट मुक्त<br>• आर्थिक, सामाजिक रूपान्तरणको आधार<br>• शैक्षिक ऋणको उपलब्धता<br>• विश्वविद्यालयलाई स्वायत्त प्राज्ञिक संस्थाको रूपमा विकास<br>• पूर्वीय दर्शनमा जोड<br>• चिकित्सा शिक्षामा जोड | • राष्ट्र निर्माणको आधारको रूपमा शिक्षा<br>• गुणस्तरीय शिक्षा र शैक्षिक पूर्वाधारमा जोड<br>• प्राविधिक शिक्षामा जोड<br>• उच्च शिक्षामा देखापरेको अव्यवस्थाको अन्त्य<br>• मर्यादित शिक्षण पेसाको अवधारणा | • समाजवाद निर्माणको आधारको रूपमा शिक्षा<br>• सङ्घीय शिक्षा ऐन निर्माण जोड<br>• विगतको राजनीतिक परिवर्तनसँग सम्बन्धित विषयलाई पाठ्यक्रममा समावेश<br>• प्रायोगिक शिक्षामा जोड<br>• आंशिक प्राध्यापकको व्यवस्थापन<br>• प्राविधिक जनशक्ति र वैज्ञानिक उत्पादन |

नेपालको उच्च शिक्षसम्बन्धी राजनीतिक दलको दृष्टिकोणलाई तुलनात्मक नजरले हेर्दा तीनै दलले उच्च शिक्षामा अव्यवस्था र राजनैतिक हस्तक्षेप रहेको विषयलाई सामूहिक रूपमा स्वीकार गरेको देखिन्छ। नेपाली काङ्ग्रेसले सामाजिक, आर्थिक लगायत रूपान्तरणको आधारको रूपमा शिक्षालाई अघि सारेको देखिन्छ भने नेकपा (एमाले) ले राष्ट्रनिर्माणको मेरुदण्डको रूपमा शिक्षालाई अघि सारेको छ त्यस्तै नेकपा (माओवादी केन्द्र) ले नेपालको संविधानको प्रस्तावना र धारा ४ मा उल्लेख गरेको समाजवाद प्राप्तिको आधारको रूपमा शिक्षालाई अघि सारेको देखिन्छ। नेपाली काङ्ग्रेस र नेकपा (माओवादी केन्द्र) ले सङ्घीय शिक्षा ऐनको बारेमा घोषणापत्रमा उल्लेख गरेका छन् भने नेकपा (एमाले) यस विषयमा बारेमा मौन देखिन्छ। प्राविधिक जनशक्ति निर्माणमा प्रमुख दलको साझा दृष्टिकोण पाइन्छ। गुणस्तरीय शिक्षा र शैक्षिक पूर्वाधारमा जोड दिँदै पाठ्यक्रमलाई सामयिक बनाउने कुरामा सबै दलले समान धारणा राखेका छन्। नेकपा (माओवादी केन्द्र) ले क्याम्पसमा कार्यरत शिक्षक तथा कर्मचारीको स्थायित्वको बारेमा कानुन निर्माण गरी कार्यान्वयनमा लाग्ने प्रतिबद्धता अघि सारेको छ भने बाँकी दल यस बारेमा मौन छन्। शिक्षण पेसालाई मर्यादित र अनुशासित बनाउने कुरामा सबै दल सहमत देखिन्छन्।

राजनीतिक दलहरूले आआफ्ना घोषणापत्रमा उल्लेख गरेका उच्च शिक्षाको उद्देश्यलाई तालिका नं. २ मा प्रस्तुत गरिएको छ :

**तालिका नं. २**

उच्च शिक्षाको उद्देश्य सम्बन्धी राजनीतिक दलको दृष्टिकोण

| नेपाली काङ्ग्रेस | नेकपा (एमाले) | नेकपा (माओवादी केन्द्र) |
|---|---|---|
| • स्वायत्तताको मान्यता अनुरूप काम गर्ने वातावरण निर्माण<br>• शैक्षिक संस्थाको नियमन<br>• नागरिकको सवलता/स्वाभिमानको अभिवृद्धि<br>• कुलपति र सहकुलपतिका संरचनाको परिवर्तन<br>• पूर्वीय दर्शनको अध्ययन अनुसन्धानमा जोड<br>• चिकित्सा शिक्षा आयोगको थप सशक्तीकरण | • सिपमूलक शिक्षामा जोड<br>• विज्ञान र प्रविधिको क्षेत्रमा विश्वस्तरको अध्ययन अनुसन्धानमा जोड<br>• मर्यादित र अनुसन्धानमूलक उच्च शिक्षा<br>• शिक्षणमा आवश्यक सिपहरूको उपलब्धता<br>• परिवार, समाज र राष्ट्रलाई मद्दत पुऱ्याउने सिर्जनात्मक शिक्षाको अपेक्षा | • शैक्षिक विभेदको न्यूनीकरण<br>• जीवनपयोगी, व्यावहारिक र अनुसन्धानमूलक शिक्षामा जोड<br>• शिक्षा प्राप्त गर्ने अधिकारमा सुनिश्चितता<br>• परिवर्तनप्रतिको सबैको योगदान र पहिचानलाई उचित सम्मान सुनिश्चित<br>• शिक्षण पेसाप्रतिका निराशा न्यूनीकरण |

प्रमुख दलले आम निर्वाचन २०७९ मा जारी गरेको प्रतिबद्धतापत्रमा नेपालको उच्च शिक्षासम्बन्धी धारणाको तुलनात्मक विश्लेषण गर्दा कतिपय विषयमा समान र केही विषयमा भिन्न मत देख्न पाइन्छ । उच्च शिक्षाप्रतिको दलगत समानताको कोणबाट हेर्दा विश्वविद्यालयलाई स्वायत्त बनाउने आधारहरूको खोजी गर्ने, उच्च शिक्षालाई मर्यादित र अनुसन्धानमूलक बनाउने उद्देश्यलाई सबै दलले प्रतिबद्धतापत्रमा आत्मसात् गरेको देखिन्छ । शिक्षण पेसाप्रतिको निराशालाई न्यूनीकरण गर्ने, शिक्षणका आवश्यक सिपहरू उपलब्ध गराउने प्रतिबद्धता सबै दलले जनाइएका छन् । त्यस्तै भिन्नताको कोणबाट हेर्दा नेपाली काङ्ग्रेसको प्रतिबद्धतापत्रमा पूर्वीय दर्शनको अध्ययन अनुसन्धान गर्ने उद्देश्यमाथि जोड दिइएको छ भने नेकपा (एमाले) ले उच्च शिक्षालाई मर्यादित र अनुसन्धानमूलक र विश्वस्तरको अध्ययन अनुसन्धान समकक्षी बनाउने विषय उठाएको छ । त्यस्तै नेकपा (माओवादी केन्द्र) ले शिक्षालाई जीवनपयोगी र व्यावहारिक बनाउँदै शिक्षाले सबैको योगदानलाई कदर गर्दै पहिचानको अभिवृद्धिमा मद्दत पुऱ्याउनुपर्ने कुरामा जोड दिएको पाइन्छ ।

उच्च शिक्षाको उद्देश्य प्राप्तिका लागि नेपालका राजनीतिक दलले अवलम्बन गरेका रणनीतिलाई तालिका नं. ३ मा प्रस्तुत गरिएको छ :

**तालिका नं. ३**

उच्च शिक्षाको रणनीति सम्बन्धी राजनीतिक दलको दृष्टिकोण

| नेपाली काङ्ग्रेस | नेकपा (एमाले) | नेकपा (माओवादी केन्द्र) |
|---|---|---|
| • सङ्घीय शिक्षा ऐन एक वर्ष भित्रमा ल्याइने<br>• शैक्षिक ऋण उपलब्ध गराइने<br>• उच्च शैक्षिक संस्थाको नक्साङ्कन गर्ने<br>• आधार सहित उच्च शैक्षिक संस्थाको विस्थापन गर्ने<br>• प्राविधिक शिक्षा, प्रविधिमैत्री सिकाइ उपलब्धि हासिल गर्ने<br>• मुद्रास्फितिलाई आधार मानी अघि बढ्ने<br>• आवश्यक कानुनी व्यवस्था गर्ने<br>• सातवटै प्रदेशमा शिक्षण अस्पतालको स्थापना गर्ने | • प्राविधिक तथा व्यावसायिक महाविद्यालय र बहुप्राविधिक शिक्षालयको स्थापना गर्ने<br>• विश्वविद्यालयलाई अनुसन्धान केन्द्रको रूपमा विकास गर्ने<br>• सम्मानजनक जीवन जिउन पुग्ने तलब उपलब्ध गराइने | • शिक्षा प्रणालीमा व्यापक परिमार्जन गर्ने<br>• पाठ्यक्रमलाई पुनरावलोकन गर्ने<br>• शिक्षालाई अनुसन्धानुमुखी बनाउने<br>• सरकार बनेको छ महिनाभित्र सङ्घीय शिक्षा ऐन बनाउने<br>• समकालीन र भावी पुस्तालाई गौरवमय इतिहासप्रति गर्व गर्न अभिप्रेरित गर्ने<br>• शिक्षालाई मानवता प्रवर्द्धन गर्ने केन्द्रको रूपमा प्रस्तुत गर्ने<br>• विश्वविद्यालयका पदाधिकारी र कर्मचारीको नियुक्ति योग्यता र क्षमताको आधारमा गर्ने<br>• शैक्षिक क्षेत्रका विकृति विसङ्गतिलाई छलफलको माध्यमबाट हल खोजिने<br>• उच्च शिक्षामा शैक्षिक हड्तालला‌ई निरुत्साहित गर्ने |

प्रमुख दलले नेपालको उच्च शिक्षाप्रतिको दृष्टिकोण र उद्देश्यलाई कार्यान्वनयमा सहज बनाउनका लागि आआफ्ना रणनीतिहरू समेत प्रतिबद्धतापत्रमा उल्लेख गरेका छन् । नेकपा (एमाले) ले आफ्नो प्रतिबद्धतापत्रमा रणनीतिलाई कम स्थान दिएको देखिन्छ भने नेपाली काङ्ग्रेस र नेकपा (माओवादी केन्द्र) ले तुलनात्मक हिसाबले रणनीतिको बारेमा व्यापक चर्चा परिचर्चा गरेको पाइन्छ । नेपाली काङ्ग्रेसले सरकार बनेको एक वर्षभित्रमा र नेकपा (माओवादी केन्द्र) ले छ महिनाभित्रमा सङ्घीय शिक्षा ऐन जारी गर्ने उल्लेख गरेका छन् भने नेकपा (एमाले) ले सङ्घीय शिक्षा ऐनको बारेमा केही उल्लेख गरेको छैन । नेपाली काङ्ग्रेसले उच्च शैक्षिक संस्थाको नक्साङ्कन गर्दै आधार र कारणमा रही उच्च शिक्षाको विस्थापन गर्ने कुरालाई रणनीतिको रूपमा लिएको छ । यस पार्टीले चिकित्सा शिक्षाको प्रवर्द्धनका लागि सातवटै प्रदेशमा शिक्षण अस्पतालको स्थापना गर्ने विषयलाई प्रतिबद्धतापत्रमा समावेश गरेको छ । नेकपा (एमाले) ले प्राविधिक, बहुप्राविधिक र व्यावसायिक महाविद्यालयको स्थापनामा जोड दिँदै विश्वविद्यालयहरूलाई अनुसन्धान केन्द्रको रूपमा विकास गर्ने आफ्नो विषयलाई प्रतिबद्धतापत्रमा समेटेको छ । नेकपा (माओवादी केन्द्र) ले पाठ्यक्रमको व्यापक पुनरावलोकन गर्ने, उच्च शिक्षालाई अनुसन्धानमुखी बनाइने, विश्वविद्यालयहरूको नियुक्तिमा योग्यता र क्षमतालाई आधार मान्ने, उच्च शिक्षामा शैक्षिक हड्ताललाई निरुत्साहित गर्दै समस्याहरूलाई संवादको माध्यमबाट समाधान गर्ने विषय रणनीतिका रूपमा उल्लेख गरेको छ ।

दलले आफ्नो घोषणापत्रमा नेपालको उच्च शिक्षालाई समयसापेक्ष सुधार गर्न, प्रविधिको प्रयोग गर्न, अनुसन्धानमा तीव्रता प्रदान गर्न बजेट र सक्षम जनशक्तिको व्यवस्थापनका बारेमा नेपालका राजनीतिक दलले प्रस्तुत गरेका अवधारणालाई तालिका नं. ४ मा प्रस्तुत गरिएको छ :

**तालिका नं. ४**

उच्च शिक्षामा बजेट र मानव संसाधन व्यवथापन सम्बन्धी राजनीतिक दलका दृष्टिकोण

| राजनीतिक दल | बजेट | मानव संसाधन |
|---|---|---|
| नेपाली काङ्ग्रेस | - | • दक्ष शिक्षक र कर्मचारीको व्यवस्था गरिने<br>• प्रविधिमैत्री जनशक्तिको उपयोग गरिने |
| नेकपा (एमाले) | - | • राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारको माग अनुसार उत्कृष्ट जनशक्ति निर्माण गर्ने |
| नेकपा (माओवादी केन्द्र) | • ५ वर्ष भित्र कुल बजेटको २०% प्रतिशत शिक्षा क्षेत्रमा पुऱ्याइने | • विभिन्न व्यवसाय र निर्माण परियोजनालाई दक्ष जनशक्ति उपलब्ध गराइने<br>• दक्ष जनशक्ति सिर्जनशील नागरिकको उत्पादनमा जोड दिइने । |

राजनीतिक दलको उच्च शिक्षाप्रति मानव संसाधन र बजेटको तुलनात्मक अध्ययन गर्दा क्षमतावान् र प्रविधिमैत्री जनशक्तिको निर्माण गर्ने कुरा तीनै दलको प्रतिबद्धतापत्रमा उल्लेख गरिएको छ । नेकपा (एमाले) ले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारको माग बमोजिम उत्कृष्ट जनशक्ति निर्माण गर्ने भनेको छ भने नेकपा (माओवादी केन्द्र) ले विभिन्न परियोजनाको माग बमोजिमको दक्ष जनशक्तिको उत्पादनमा जोड दिइने विषयलाई प्रतिबद्धतापत्रमा उल्लेख गरेको छ। यसरी राजनीतिक दलले भौतिक संरचना, प्राविधिक शिक्षा, सिपयुक्त शिक्षा, विश्वविद्यालयलाई अनुसन्धान केन्द्रको रूपमा प्रस्तुत गरे पनि कार्यान्वयनमा लैजान आवश्यक पर्ने बजेटको बारेमा नेपाली काङ्ग्रेस र नेकपा (एमाले) ले आफ्नो प्रतिबद्धतापत्रमा केही उल्लेख गरेका छैनन् भने नेकपा (माओवादी केन्द्र) ले आगामी ५ वर्षभित्र कुल बजेटको २० प्रतिशत शिक्षा क्षेत्रमा छुट्याउनुपर्ने उल्लेख गरेको छ ।

उपर्युक्त तालिका विश्लेषणबाट के स्पष्ट हुन्छ भने उच्च शिक्षामा देखिएको बन्द हड्तालले पुऱ्याएको क्षतिको बारेमा दलहरू चनाखो देखिए पनि समाधानका लागि उचित विधि र कानुनी प्रबन्धको बारेमा घोषणपत्रमा उल्लेख गरेका छैनन् । उच्च शिक्षालाई प्रविधिमैत्री बनाउने, सुविधा सम्पन्न भवनको निर्माण गर्ने प्रतिबद्धता तीनवटै दलको घोषणापत्रमा पाइन्छ तर साधन स्रोतको बारेमा योजनाको स्पष्ट खाका प्रस्तुत गर्न सकेको देखिन्न । नेपाली काङ्ग्रेसले निर्वाचनेका एक वर्ष भित्रमा र नेकपा (माओवादी केन्द्र) ले छ महिनाभित्र सङ्घीय शिक्षा ऐन निर्माण गरी सक्ने प्रतिबद्धता जनाए पनि सरकार बनेको पुगनपुग एक वर्षको अवधिमा सङ्घीय शिक्षा ऐनले प्रष्ट आकार ग्रहण गर्न सकेको देखिँदैन । नेकपा (एमाले) ले सङ्घीय शिक्षा ऐनको बारेमा आफ्नो प्रतिबद्धतापत्रमा केही उल्लेख गरेको छैन । नेपाली काङ्ग्रेस र नेकपा (एमाले) ले शिक्षा क्षेत्रमा छुट्याउने बजेट पर्याप्त हुनुपर्ने भन्ने अमूर्त भाषाको प्रयोग गरेका छन् भने नेकपा माओवादी केन्द्रले अगामी पाँच वर्षभित्रमा कुल बजेटको २० प्रतिशत रकम शिक्षा क्षेत्रमा छुट्याउने प्रतिबद्धता जनाएको देखिन्छ । नेपालको संविधानको धारा ३१ मा शिक्षासम्बन्धी हकको बारेमा उल्लेख गरिएको छ । धारा ३१ (३) मा अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानुन बमोजिम निःशुल्क उच्च शिक्षा पाउने हक हुने छ भन्ने व्यवस्था छ । नेपालको संविधानको धारा ४२(२) मा दलित विद्यार्थीलाई उच्च शिक्षासम्म कानुन बमोजिम छात्रवृत्तिसहित निःशुल्क शिक्षाको प्रबन्ध गरिने व्यवस्थालाई तीनै दलको घोषणापत्रमा समेटेको पाइँदैन । घोषणापत्र अनुसार शिक्षामा सुधार ल्याउने

खालको छलफल र योजना प्रस्तुत नभएकाले कार्यान्वयनमा आउने सम्भावना न्यून मात्रामा देखा पर्दछ ।

संविधानको भाग ४ धारा ५१ मा राज्यका विभिन्न नीतिहरूको बारेमा उल्लेख गरिएको छ । धारा ५१ 'ज' मा नारिकका आधारभूत आवश्यकता सम्बन्धी नीति अन्तर्गत ज(१) मा शिक्षालाई व्यावसायिक, वैज्ञानिक, प्राविधिक, सीपमूलक एवम् जनमुखी बनाउँदै सक्षम प्रतिस्पर्धी, नैतिक एवम् राष्ट्रिय हितप्रति समर्पित जनशक्ति तयार गर्ने उल्लेख छ । त्यस्तै ज(२) मा शिक्षा क्षेत्रमा राज्यको लगानी अभिवृद्धि गर्दै शिक्षा क्षेत्रमा भएको निजी लगानीलाई नियमन र व्यवस्थापन गर्दै क्रमशः सेवामूलक बनाउने उल्लेख छ । ज (३) मा उच्च शिक्षालाई सहज गुणस्तरीय र पहुँचयोग्य बनाई क्रमशः निःशुल्क गर्दै लैजाने जस्ता व्यवस्थाको मर्म र भावनालाई दलहरूको प्रतिबद्धतापत्रले समेट्न सकेको पाइन्न । संविधानमा राज्यको नीति अन्तर्गत उल्लिखित विषयलाई संविधानको धारा ५५ अन्तर्गत कार्यान्वयन भए वा नभएको सम्बन्धमा कुनै अदालतमा प्रश्न उठाउन पाइँदैन तर राजनीतिक दलहरूको के नैतिक दायित्व एवम् जिम्मेवारी हुन आउँछ भने नीतिमा उल्लिखित विषयलाई कसरी कार्यान्वयनमा ल्याउन सकिन्छ । दलहरूको प्रतिबद्धता पत्रमा नीतिमा उल्लिखित विषयले न्यून मात्रामा स्थान लिन सकेको पाइन्छ । यसर्थ दलहरूको आगामी दिनमा आफ्नो प्रतिबद्धतापत्र तयार गर्दा उच्च शिक्षा सम्बन्धमा नेपालको संविधानमा भएको व्यवस्था र यस सम्बन्धित संविधानमा भएको नीतिलाई समेत उच्च प्राथमिकतामा राखी अघि बढ्नु बढी श्रेयष्कर देखिन्छ ।

## निष्कर्ष

नेपालमा हुने आवधिक निर्वाचनको सिलसिलामा २०७९ साल मङ्सिर ४ गते भएको प्रतिनिधि सभा र प्रदेश सभा सदस्य निर्वाचन प्रयोजनका लागि नेपाली काङ्ग्रेस, नेकपा (एमाले), नेकपा (माओवादी केन्द्र) ले जारी गरेको घोषणापत्रमा नेपालको उच्च शिक्षा सम्बन्धी दृष्टिकोणलाई विश्लेषण गर्दा प्रमुख तीन राजनीतिक दलले विश्वविद्यालयहरूमा राजनीतिक हस्तक्षेपको अवस्था रहेको स्वीकार गर्दै सङ्घीय ऐनमा यस्ता विकृति हटाउन आवश्यक व्यवस्था गर्ने, शिक्षणमा वैज्ञानिक पद्धतिको अवलम्बन गर्ने, शिक्षण पेसालाई मर्यादित व्यवस्थित बनाउने, विद्यार्थीलाई शैक्षिक ऋण उपलब्ध गराउने, पाठ्यक्रमलाई आवश्यकतानुसार परिमार्जन गर्ने, विगतको युद्ध र आन्दोलनलाई सम्बोधन गर्ने विषय समावेश गर्ने, शैक्षिक क्षेत्रमा बन्दहड्ताललाई निरुत्साहित गर्ने, उच्च शैक्षिक संस्थालाई अनुसन्धानमुखी र विशिष्टीकृत ढङ्गले अघि बढाइने प्रतिबद्धता जनाएका छन् । विश्वविद्यालयको वर्तमान संरचना अनुसार, प्रधानमन्त्री कुलपति र शिक्षामन्त्री सहकुलपति हुने प्रावधानमा परिवर्तन ल्याउने, शिक्षामा अहिलेको बजेटमा वृद्धि गरी २० प्रतिशत पुऱ्याउने, पूर्वीय दर्शनको अध्ययन अनुसन्धानमा जोड दिने लगायत प्रतिबद्धताले विश्वविद्यालयको भावी योजना निर्माणमा मद्दत पुग्ने अपेक्षा गर्न सकिन्छ । शिक्षामा गरिने लगानीको बारेमा नेकपा (एमाले) र नेपाली काङ्ग्रेसले एकिन नगरी 'पर्याप्त लगानी गर्नुपर्ने' जस्तो अमूर्त भाषाको प्रयोग गरेको पाइन्छ भने नेकपा (माओवादी) केन्द्रले २० प्रतिशत पुऱ्याउने घोषणापत्रमा उल्लेख गरेको छ । विश्वविद्यालयमा समस्या रहेको र यसको सुधारका लागि सम्बन्धित सबैले सोच्नु र सोही अनुरूप नीतिनिर्माण गरी कार्यान्वयनमा लाग्नु वाञ्छनीय हुन्छ । नेपालका प्रमुख तीन दलले उच्च शिक्षाको समस्यालाई अनुभूत गरेको र यसलाई राजनीतिक हस्तक्षेपबाट टाढा राख्ने प्रतिबद्धता जनाएको तथा

यस्ता प्रतिबद्धतालाई कार्यान्वयनमा ल्याउन कानुनको संशोधन र परिमार्जनको आवश्यकतालाई समेत औंल्याइएको हुनाले यस दिशामा सकरात्मक प्रभाव पर्ने परिकल्पना गर्न सकिन्छ ।

यस लेखमा प्रथमतः प्रमुख राजनीतिक दलहरूले उच्च शिक्षामा देखिएको राजनीतिक हस्तक्षेपबाट अलग्ग गर्दै राष्ट्रनिर्माण र समाजवाद प्राप्तिको आधारको रूपमा शिक्षालाई अघि बढाउने प्रतिबद्धता जनाएकाले समस्या समाधानका लागि घोषणपत्रहरू आधार बन्न सक्छन् । दोस्रो, उच्च शैक्षिक संस्थाको नियमन पेसाको मर्यादालाई उच्च बनाइने, अनुसन्धानमूलक बनाइने विषयलाई आफ्नो चुनावी घोषणापत्र मार्फत अघि सारिएको र त्यसको प्रभावकारी कार्यान्वयनका लागि दण्ड र पुरस्कारलाई व्यवहारमा उचित ढङ्गले कार्यान्वयनमा उतार्न सक्नुपर्दछ । तेस्रो, उच्च शैक्षिक संस्थाको नक्साङ्कन गर्दै अनावश्यक शैक्षिक सस्था खारेजी तथा विश्वविद्यालयका कर्मचारी र पदाधिकारीको नियुक्तिमा योग्यता र क्षमतालाई आधार मान्ने विषय उल्लेख गरिएको छ । चौथो, सबल भौतिक संरचना, प्राविधिक शिक्षा र दक्ष जनशक्तिको परिकल्पना अघि सारिएको छ जसको प्रभावकारी कार्यान्वयनको लागि पर्याप्त बजेट र कार्यान्वयनको ठोस आधार प्रस्तुत गर्न सके उचित हुन्छ । अन्त्यमा, नेपालको संविधानमा उच्च शिक्षा सम्बन्धी गरिएको व्यवस्थालाई आधार मानेर घोषणापत्र मार्फत दलहरूको स्पष्ट दृष्टिकोण प्रस्तुत हुन सकेको पाइँदैन ।

सङ्घीय संसद, प्रदेश ससद र दलहरूको आन्तरिक बैठकमा नेपालको उच्च शिक्षा सुधारको विषय र घोषणापत्रमा जनाइएको प्रतिबद्धता छलफलको एजेन्डा बन्न सक्नुपर्दछ । अतः घोषणापत्रमा जनाइएको दलहरूको उच्च शिक्षा सम्बन्धी प्रतिबद्धतालाई कार्यान्वयनमा ल्याउन, जिम्मेवार र जवाफदेही बनाउन मतदाता तथा अन्य सरोकार समूहको सुझबुझपूर्ण खबरदारी पनि आवश्यक देखिन्छ ।

## सन्दर्भसामग्री

अधिकारी, विष्णुप्रसाद (२०६७), *शिक्षाको दिग्दर्शन,* काठमाडौं : आशिष बुक्स हाउस प्रालि ।

नेकपा कम्युनिष्ट पार्टी (एमाले) (२०७९), *नेपाल कम्युनिष्ट पार्टी एमालेको घोषणापत्र, प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचन २०७९,* काठमाडौं : प्रचार विभाग ।

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) (२०७९), प्रतिबद्धतापत्र, प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचन २०७९, काठमाडौं : प्रचार विभाग ।

नेपाल सरकार (२०७२), *नेपालको संविधान, २०७२,* काठमाडौं : कानुन किताब व्यवस्था समिति ।

नेपाली काङ्ग्रेस (२०७९), *नेपाली काङ्ग्रेसको सङ्कल्प, प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचन, २०७९,* काठमाडौं : प्रचार विभाग ।

पोखरेल, कृष्ण (२०७३), *प्रशासनको सिद्धान्त र नेपालको प्रशासन,* काठमाडौं : एम.के.पब्लिसर्स एन्ड डिस्ट्रिब्युटर्स ।

फूएल, श्यामप्रसाद (२०७५ क), *नेपालको राजनीति,* काठमाडौं : सनलाइट पब्लिकेसन ।

बस्न्यात, सम्झना र श्रेष्ठ, चन्द्रबहादुर (२०६९), *शिक्षाको दर्शनशास्त्रीय र समाजशास्त्रीय आधार,* काठमाडौं : भुँडीपुराण प्रकाशन ।

फूएल, श्यामप्रसाद (२०७५ ख), *समकालीन राजनीति र नागरिक शिक्षा,* काठमाडौं : सनलाइट पब्लिकेसन ।

राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८-२०३२, (२०२८), काठमाडौं : शिक्षा मन्त्रालय ।

राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन (२०४९), काडमाडौं : शिक्षा मन्त्रालय ।

शर्मा, चिरञ्जीवी (२०६१), *शिक्षाका आधारहरू,* काठमाडौं : एम.के. पब्लिसर्स एण्ड डिस्ट्रिब्युटर्स ।